## पीसकोर तालिम

नेपाल आइपुगेपछि पीसकोर स्वयंसेवकहरु २.५ देखि ३ महिना लामो पूर्व सेवाकालीन तालिममा सहभागी हुन्छन् । उक्त तालिममा नेपाली परिवारमा कसरी बसिन्छ, नेपाली भाषा कसरी बोलिन्छ र नेपाली साँस्कृतिको विषय पनि सिकाईन्छ ।

यसको अतिरिक्त स्वयंसेवकहरुले व्यक्तिगत सुरक्षा, व्यक्तिगत स्वास्थ्य व्यवस्थापन, र प्राविधिक सीपहरु सिक्दछन् ।

पूर्व सेवाकालीन तालिम पश्चात् स्वयंसेवकहरु नेपाल परिवारसँग २ वर्ष सँगै बस्छन् ।

पीसकोरको रेस्पन्स् स्वयंसेवकहरुको लागि २ हप्ते लामो अभिमुखिकरण तालिम प्रदान गरिन्छ । तालिमपछि नेपाली भाषा प्रशिक्षकहरुसँगै उनीहरु आफूलाई खटाइएको ठाउँमा सँगै जान्छन् ।

स्वयंसेवकहरुको सहजकर्ताहरुले उनीहरुलाई नेपाली भाषा सिक्न, नेपाली संस्कृतिलाई अपनाउन र नेपाली समुदायको मानिसहरुसँग घुलमिल हुनको लागि सहयोग गर्छन् ।

रेस्पोन्स स्वयंसेवकहरुको सेवा अवधि ९ देखि १२ महिनासम्म हुन्छ ।

## साझेदारी

नेपाल सरकार र अमेरिकि सरकार बिच भएको द्विपक्षीय सम्झौता एवं पीसकोर नेपाल र मन्त्रालयहरुबीच भएका सम्झौताहरुका आधारमा पीसकोर नेपालले केन्द्रिय स्तरमा नौ सरकारी मन्त्रालय र दुई शैक्षिक संस्थासँग साझेदारी गरी काम गर्छ :

- अर्थ मन्त्रालय
- गृह मन्त्रालय
- परराष्ट्र मन्त्रालय
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
- कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
- शिक्षा, विज्ञान, तथा प्रविधि मन्त्रालय
- संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
- वन तथा वातावरण मन्त्रालय
- कृषि र पशु विज्ञान अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय
- वन विज्ञान अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय

पीसकोर नेपालले कार्यक्रमहरुलाई प्रभावकारी रुपमा लागू गर्न स्थानीय स्तरमा गाउँपालिका, नगरपालिका र प्रदेश सरकारसँग साझेदारी गर्छ ।










Peace Corps NEPAL

महाराजगञ्ज, चक्रपथ, काठमाडौं
फोन: +९७७ १ ४०१६२५९, ४०१६०२७
ईमेल: infoNepal@peacecorps.gov
पोष्ट बक्स: १५१५०


तल दिइएको वेब साइट, फेसबुक तथा इन्स्टाग्रामबाट पीसकोर/नेपाल सम्बन्धि थप जानकारी प्राप्त गर्न सक्नु हुन्छ

- www.peacecorps.gov/nepal
- www.facebook.com/NepalPeaceCorps
- www.instagram.com/peace_corps_nepal

Peace Corps NEPAL

# पीसकोर नेपाल





## पीसकोर नेपाल

पीसकोर संयुक्त राज्य अमेरिकाका राष्ट्रपति जोन एफ. केनेडीद्वारा सन् १९६१ मा स्थापित भएको संस्था हो । यो स्वयंसेवकहरु, समुदायका सदस्यहरु, सम्बन्धित मुलुकका साझेदारहरु र कर्मचारीहरुको अन्तर्राष्ट्रिय संजाल हो जहाँ सिक्ने चाहना, प्रगति गर्ने इच्छा र सेवा गर्ने भावना विद्यमान हुन्छ । अहिलेसम्म लगभग २,४०,००० स्वयंसेवकहरुले १४४ देशहरुमा सेवा प्रदान गरिसकेका छन् ।

पीसकोर सञ्जालका सदस्यहरुले आफ्नो सेवा मार्फत आउँदो पुस्ताहरुको नेतृत्व विकास गर्न मद्दत पुऱ्याउँछन् । सन् १९६२ (वि.स. २०१९) देखि पीसकोर नेपालले नेपाल सरकारसँग साझेदारी गर्नुका साथै नेपाली समुदाय र व्यक्तिहरुसँग सहकार्य गर्दै आएको छ । विगत ६३ वर्षमा ४,००० भन्दा बढी अमेरिकीहरुले नेपालमा स्वयंसेवकको रुपमा काम गरिसकेका छन् । पीसकोर स्वयंसेवकहरु खटाइएको समुदायमा २ वर्षका लागि र पीसकोर रेस्पोन्सका स्वयंसेवकहरु एक वर्षसम्म काम गर्छन् ।

## पीसकोरका तीन मुख्य लक्ष्यहरु :

१. इच्छुक देशहरुलाई दक्ष जनशक्तिको आवश्यकता पूरा गर्न सहयोग पुऱ्याउने ।
२. अमेरिकी जनतालाई सेवाग्राही जनसमुदायबारे अधिक जानकारी प्रवर्द्धन गर्ने ।
३. अन्य देशका नागरिकहरुमाझ अमेरिकीहरुको बारेमा अधिक समझदारी प्रवर्द्धन गर्न सहयोग गर्ने ।

## पीसकोर स्वयंसेवकहरु को हुन् ?

पीसकोर स्वयंसेवकहरु फरक-फरक जाति, उमेर, वर्ण र रङ्गका अमेरिकी नागरिकहरु हुन् । यिनीहरुले अमेरिकी जनताहरुको प्रतिनिधित्व गर्दछन् । अन्तर-सांस्कृतिक मूल्य र मान्यताहरुको आदर-सम्मान र पालना गर्दै यिनीहरु समुदायमा घुलमिल हुन्छन् र विश्व शान्ति र मित्रतालाई प्रवर्द्धन गर्न मद्दत पुऱ्याउँछन् । पीसकोर स्वयंसेवकहरु समुदायहरुसँग मिलेर स्थानीय प्राथमिकताका परियोजनामा काम गर्छन् । यसले सम्बन्ध विस्तार, ज्ञान आदान-प्रदानमा एवं दीर्घकालीन प्रभाव पार्न मद्दत पुऱ्याउँछ ।





## खाद्य सुरक्षा परियोजना

नेपाल सरकारको अनुरोधमा पीसकोर नेपालले सन् २०१२ (वि.स. २०६८) देखि खाद्य सुरक्षा परियोजनाको सुरुवात गऱ्यो। खाद्य सुरक्षा स्वयंसेवकले सामुदायिक सहकर्मिहरुसँग काम गर्दै ग्रामीण नेपाली परिवार र विशेष गरि साना किसान तथा प्रजनन् योग्य महिलाहरु भएका घरधुरीहरुका खाद्य एवं पोषण सुरक्षामा सुधार ल्याउन मद्दत गर्छन् ।

यो परियोजनामा दिगो विकास एवं पोषण संवेदनशील क्रियाकलापमा केन्द्रित छ । यसले फलफूल खेति, मौरी पालन र अदुवा-बेसार खेतीको उत्पादनलाई प्रवर्द्धन गर्दै स्थानीय स्तरमा उपलब्ध पोषणयुक्त खाना पकाउने र खाने अभ्यासमा जोड दिन्छ ।

यस परियोजनाले ग्रामीण समुदायहरुलाई दिगो सेवा प्रदान गर्न एवं कृषिमा आधारित आय-आर्जनका गतिविधिहरु प्रवर्द्धन गर्न अगुवा कृषकहरुको क्षमता अभिवृद्धि गर्ने लक्ष्य राखेको छ ।

## वातावरण परियोजना

नेपाल सरकारको अनुरोधमा पीसकोर नेपाल सन् २०२५ (वि.स. २०८१) देखि वातावरण परियोजनाको शुरुवात गऱ्यो ।

वातावरण स्वयंसेवकहरुले वातावरण र प्राकृतिक स्रोतको दिगो व्यवस्थापनको लागि समुदायका सदस्यहरु एवं स्थानीय युवाहरुको क्षमता अभिवृद्धि गर्न मद्दत गर्दछ ।

सामुदायिक वन व्यवस्थापन, वातावरणीय शिक्षा प्रवर्द्धन, फोहर व्यवस्थापन एवं सुधारिएको चुलो प्रवर्द्धनमा नेपाल सरकारले गरेको प्रयासमा सहयोग गर्न स्वयंसेवकहरुले सरकारी कार्यालय सामुदायका सदस्यहरुसँग, विद्यालय एवं वन उपभोक्ता समूहहरुसँग सहकार्य गर्दछन् ।







## शिक्षा परियोजना

नेपाल सरकारको अनुरोधमा पीसकोर नेपालले सन् २०१९ (वि.स. २०७५) देखि अंग्रेजी परियोजनाको सुरुवात गऱ्यो ।

शिक्षा परियोजनाले विद्यार्थीहरुको अंग्रेजी भाषाको सीप विकास गर्दै उनीहरुको उच्च शिक्षासँगै व्यावसायिक अवसरमा पहुँच पुऱ्याउन मद्दत गर्दछ ।

स्वयंसेवकहरुले ग्रामीण विद्यालयमा कक्षा ४ देखि ७ सम्मका विद्यार्थीहरुलाई अंग्रेजी भाषा सिकाउँछन् ।

परियोजनाको प्रमुख उद्देश्यहरु यस प्रकारका छन्

१. प्रभावकारी रुपमा अंग्रेजी भाषा बोल्न एवं अंग्रेजी भाषा सिकाउन शिक्षकहरुको क्षमता अभिवृद्धि गर्ने ।
२. कक्षाकोठामा सबै विद्यार्थीहरुलाई लक्षित गर्ने प्रविधिहरु प्रयोग गर्न शिक्षकहरुको क्षमतालाई सुदृढ गर्ने ।
३. अंग्रेजी भाषा शिक्षकहरुको अंग्रेजी विषयको दक्षता अभिवृद्धि गर्ने ।
४. विद्यार्थीहरुको अंग्रेजी भाषाका उपलब्धि वृद्धि गर्न ।
५. विद्यार्थीहरुको सिकाइको पहुँचमा सहयोग गर्न समुदायको क्षमता अभिवृद्धि गर्ने ।

शिक्षा परियोजनाले ग्रामीण विद्यालयहरुमा डिजिटल साक्षरता प्रवर्द्धन गर्न एवं शिक्षकहरुलाई डिजिटल स्रोतहरु प्रयोग गर्न प्रेरित गर्दछ ।

## पीसकोर रेस्पोन्स कार्यक्रम

पीसकोर रेस्पोन्स रचनात्मक र प्रभावकारी कार्यक्रम हो । यो कार्यक्रमले दक्ष र अनुभवि अमेरिकी स्वयंसेवकहरुलाई छोटो अवधिको लागि सेवा गर्न विश्वका विभिन्न देशहरुमा परिचालन गर्छ । पीसकोर रेस्पोन्स स्वयंसेवकहरुको सेवा अवधि कम्तिमा ६ महिना देखि एक वर्ष सम्मको हुन्छ । पीसकोरले पर्यटन, कृषि अनुसन्धान तथा सूचना प्रविधि क्षेत्रमा योगदान गर्न सन् २०२४ (वि.स. २०८०) देखि रेस्पोन्स कार्यक्रमको सुरुवात गरेको छ ।

